ICRC

रेडक्रसको अन्तर्राष्ट्रिय समिति

# बेपत्ता भएका बारे जान्न पाउनु: एक अधिकार

सशस्त्र संघर्षको क्रममा बेपत्ता भएकाहरूको सूची आई.सी.आर.सी.ले पहिलो पटक प्रकाशित गर्दैछ ।

**यदि तपाईका बेपत्ता आफन्तहरू उक्त सूचीमा परेका छैनन् वा सूचीमा रहेका व्यक्तिहरूको अवस्थाका बारेमा प्रष्ट पार्न सक्नुहुन्छ भने, कृपया आई.सी.आर.सी. वा नेपाल रेडक्रस सोसाइटीमा सम्पर्क गर्नुहोस् ।**

उक्त सूची आई.सी.आर.सी. का नेपालस्थित कुनैपनि कार्यालय वा नेपाल रेडक्रस सोसाइटीका शाखाहरूबाट प्राप्त गर्न सकिन्छ ।

---

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आई.सी.आर.सी.) ले नेपालमा चलेको सशस्त्र संघर्षका क्रममा बेपत्ता भएका व्यक्तिहरूकाबारेमा उनीहरूका परिवारहरूबाट सूचना सङ्कलन गरिरहेको छ । यसरी बेपत्ता हुनेहरूमा युद्ध लड्ने क्रममा हराएकाहरू र संघर्षका पक्षहरूद्वारा गिरफ्तार गरिएका र त्यस उप्रान्त कहिल्यै नभेटिएका र खबर समेत सुनिनमा नआएका व्यक्तिहरू पर्दछन् ।

---

फागुन २०६३

## आई.सी.आर.सी.ले के गरिरहेको छ ?

अहिलेसम्म आई.सी.आर.सी.ले २४०० भन्दा बढी बेपत्ता भएका व्यक्तिहरूको नामावली सङ्कलन गरी यसलाई संघर्षका पक्षहरूसमक्ष प्रस्तुत गरेको छ र बेपत्ता भएका व्यक्तिहरूको अवस्था र उनीहरू कहाँ छन भन्नेबारेमा परिवारजनलाई जानकारी दिनुपर्ने उनीहरूको दायित्वकासम्बन्धमा बोध गराएको छ। प्राप्त जवाफ वा आई.सी.आर.सी.ले सिधै सङ्कलन गरेको सूचनाको आधारमा अहिलेसम्म सयौं व्यक्तिहरूको अवस्था ज्ञात भएको छ।

## आई.सी.आर.सी.ले किन सूची प्रकाशित गर्दैछ ?

८०० भन्दा बढी व्यक्तिहरूको अवस्था अज्ञात छ। वितेका केही महिनाहरूमा आई.सी.आर.सी.ले आफ्नो सूचनाको सत्यता सुनिश्चित गर्न सबैजसो प्रभावित परिवारलाई भेटेको छ। तथापि, सूची पूर्ण हुन नसक्नेमा आई.सी.आर.सी. पूणत: सचेत छ र अद्यावधिक सूची भविष्यमा प्रकाशित गरिनेछ। सूची प्रकाशित गर्नुको मुख्य उद्देस्य दुईवटा रहेका छन् :

- यदि बेपत्ता आफन्तहरू यस सूचीमा परेका छैनन भने उनीहरूका आफन्तहरूलाई आई.सी.आर.सी.मा सम्पर्क गर्न अनुरोध गर्ने र
- यस सूचीमा उल्लेख भएका व्यक्तिहरूको अवस्थाका बारेमा कसैलाई थाहा भएमा आई.सी.आर.सी.मा सम्पर्क गर्न अनुरोध गर्ने

उक्त सूची निम्न इन्टरनेट ठेगानामा पनि प्राप्त गर्न सकिन्छ।

- www.familylinks.icrc.org (अंग्रेजीमा)
- www.nrcs.org (नेपालीमा)

**बेपत्ता भएका व्यक्तिहरूसम्बन्धी जिज्ञासाका लागि निम्नलिखित ठेगानाहरूमा सम्पर्क गर्न सकिन्छ।**

**आई.सी.आर.सी. काठमाडौं**
मीनभवन, नयाँ बानेश्वर
पो. बक्स. नं.: २१२२५, काठमाण्डौ
फोन नं.: ०१-४४८२२८५/४४९२६७९/४४८१२२०/४४८२६६५

**आई.सी.आर.सी. विराटनगर**
थापा निवास, वडा नं: १७
पो. बक्स. नं: ११२
डि. ए. भी. स्कूल नजिक, विराटनगर
फोन नं.: ०२१-५२४६३९/५३८१५८

**आई.सी.आर.सी. पोखरा**
सिमलचौर, वडा नं: ८
पो. बक्स. नं.: ३५९
पीस जोन स्कूल जानेबाटो
पोखरा, कास्की
फोन नं.: ०६१-५५१०७५/५४०२७४

**आई.सी.आर.सी. सिलगढी**
सिलगढी न. पा., वडा नं: १
डोटी
फोन नं.: ०९४-४२०२०४

**आई.सी.आर.सी. नेपालगञ्ज**
बुलबुलिया, वडा नं: १७, नेपालगञ्ज, बाँके
फोन नं.: ०८१-५२२२६२/५२५५६०

**नेपाल रेडक्रस सोसाइटी**
केन्द्रीय कार्यालय
कालिमाटी, पो. बक्स. नं.: २१७, काठमाडौं
फोन नं.: ०१-४२७०६५०/४२७२७६१

**यससम्बन्धी सोधपुछका लागि नेपाल रेडक्रस सोसाइटीका शाखाहरू वा उपशाखाहरूमा पनि सम्पर्क राख्न सकिन्छ।**